# आठबिसकोट नगरपालिका
# नगर कार्यपालिका कार्यालय
## आठबिसकोट, रूकुम (पश्चिम)
## कर्णाली प्रदेश, नेपाल

सम्पर्क नं.
९७४१३८९९६१
९७४८५८३१३८

मिति:२०७६/०६/०८

पत्र संख्या:२०७६/०७७
चलानी नम्बर ...............

***बालुवा, गिट्टी, ढुङ्गा तथा रोडा संकलन र विक्रि गर्न सिलबन्दी दरभाउपत्र पेश गर्ने सम्बन्धी सूचना***

*(प्रथम पटक प्रकाशित मिति: २०७६/०६/०८ गते)*

यस नगरपालिकाको तपसिलमा उल्लेखित नदीनाला तथा खानीको बालुवा, गिट्टी, ढुङ्गा तथा रोडा संकलन तथा विक्रि गर्न न्यूनतम अंकमा नघटाउने गरी आर्थिक वर्ष २०७६/०७७ को लागि उल्लेखित शर्तहरुको आधारमा ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक नेपाली नागरिक, व्यवसायी, सप्लायर्स, कम्पनी तथा फर्महरुले सूचना प्रकाशन भएको मितिले पन्ध्र (१५) दिनभित्र सिलबन्दी दरभाउपत्र पेश गर्नुहुन सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

<u>तपसिल</u>

| ठेक्का नं. | संकलन केन्द्र वा खानीको नाम | फाराम शुल्क रु. | न्यूनतम कबोल रकम रु. | दरभाउपत्र खरिद गर्ने अन्तिम मिति | दरभाउपत्र पेश गर्ने अन्तिम मिति | दरभाउपत्र खोलिने मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ००१/०७६–०७७ | ठूली भेरी नदी आसपास (छेपारे बगर वडा नं. १४, राडीबगर वडा नं. ९, र ११, छरेवगर, मन्काबगर, त्रिवेणी बगर लगायत) | १०००।– | १०,८२,५९४।- | २०७६।०६।२२ कार्यालय समयभित्र | २०७६।०६।२३ मध्यान्ह बाह्र बजेसम्म | २०७६।०६।२३ दिउँसो दुई बजे | आठबिसकोट नगरपालिका क्षेत्रभित्रमात्र |
| ००२/०७६–०७७ | गिजागाडखोला वडा नं. ९, १०, ११ र १२ | १०००।– | २,१२,७९२।- | | | | |
| ००३/०७६–०७७ | रिजागाडखोला बगर वडा नं. ६ | १०००।– | २,६५,३५४।- | | | | |
| ००४/०७६–०७७ | घेत्माखोला बगर वडा नं. १३ | १०००।– | ५१,९९०।- | | | | |
| ००५/०७६–०७७ | जलीगाड खोला बगर वडा नं. १, २, ३, ५ | १०००।– | १,०६,३३२।- | | | | |

<u>ठेक्का सम्बन्धी शर्तहरु</u>

१. दरभाउपत्रका साथ नागरिकताको प्रमाणपत्र, स्थायी लेखा नं. दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७५।०७६ सम्मको कर चुक्ता प्रमाणपत्र, आ.व. २०७५।०७६ सम्मको आर्थिक कारोबारको लेखापरिक्षण प्रतिवेदनका प्रमाणित प्रतिलिपिहरु पेश गर्नुपर्नेछ ।

# आठविसकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## आठविसकोट, रूकुम (पश्चिम)
## कर्णाली प्रदेश, नेपाल

सम्पर्क नं.
९७४१३८९९६१
९७४८५८३१३८


मिति:२०७६/०६/०८

पत्र संख्याः२०७६/०७७

चलानी नम्बर ...............

२. आफूले कवोल गरेको रकम अङ्क र अक्षरमा प्रष्ट लेखिएको हुनुपर्नेछ । कबोल गरेको अंकको ५ प्रतिशत रकम यस नगरपालिकाको नाममा सेञ्चुरी कमर्सियल बैंक आठविसकोट नगरपालिका रुकुम(पश्चिम) शाखामा रहेको धरौटी खाता नं. ०९२००००००४GE मा जम्मा गरी दरभाउपत्रका साथ भौचर पेश गर्नुपर्नेछ ।

३. ठेक्का सम्बन्धी लाग्ने कर दस्तुर दरभाउपत्रदाता स्वयमले व्यहोर्नु पर्नेछ ।

४. ठेक्का स्वीकृत गर्ने वा नगर्ने तथा सूचना संशोधन गर्ने लगायतका निर्णय गर्ने अधिकार नगरपालिकामा निहित हुनेछ ।

५. माथि उल्लेखित ठेक्का नं. अनुसार एउटामात्र वा दुई वा दुईभन्दा बढी वा सबै ठेक्कामा एकमुष्ट दरभाउपत्र समेत पेश गर्न सकिनेछ ।

६. ठेक्का स्वीकृत भएको मितिले सात (७) दिनभित्र आफूले कवोल गरेको रकम एकमुष्ट नगरपालिकाको नाममा सेञ्चुरी कमर्सियल बैंक शाखा कार्यालय आठविसकोट नगरपालिका रुकुम (पश्चिम) मा रहेको मूल खाता नं. ०९२००००००५GE मा दाखिला गर्नुपर्नेछ ।

७. यसमा लेखिए बाहेकका अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछ ।

८. थप जानकारीको लागि मोवाईल नं. ९७४१३८९९६१ वा ९७४८५८३१३८ मा सम्पर्क गर्न सकिनेछ ।

रामबहादुर के.सी.
नि. प्रमुख प्रशासकीय अधिकृत

रामबहादुर के.सी.
नि.प्रमुख प्रशासकीय अधिकृत